ना हस्तान्तरण प्रमुख प्रहरी निरीक्षक वीरेन्द्रनाथ चालकले विद्युतीय स्कुटर प्रयोग गर्दा हेलमेट, लाइसेन्स, कागजपत्रबिनै दर्ता प्रक्रिया अपनाइनुपर्ने आवश्यकता आफूले औँल्याएको बताउनुभयो।

गोरखापत्र २०८३/४/२२

## राष्ट्रिय सूचना आयोगका पदाधिकारी नियुक्ति सिफारिस समितिको सचिवालय
## राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं

# दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०८३।०४।२२)**

**(आवेदन बुझाउने अन्तिम मिति :- २०८३।०४।२८)**

राष्ट्रिय सूचना आयोगका एक प्रमुख सूचना आयुक्त र दुई सूचना आयुक्त (कम्तीमा एक जना महिला रहने गरी) को रिक्त पदमा पदपूर्ति गरिने भएको हुँदा तोकिएको योग्यता भएका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा सिफारिस समितिको सचिवालय **राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौँमा** आफ्नो व्यक्तिगत विवरण, योग्यताका प्रमाणित प्रतिलिपि लगायतका कागजात सहित आवेदन दिनुहुन वा आयोगको इमेल **info@nic.gov.np** मा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**यस सम्बन्धी विस्तृत जानकारी राष्ट्रिय सूचना आयोगको वेबसाइट www.nic.gov.np मा उपलब्ध छ ।**

**राष्ट्रिय सूचना आयोगका पदाधिकारी नियुक्ति**
**सिफारिस समितिको सचिवालय**

# सूचना।

यस आयोगको मिति २०८३।०४।२२ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना र सो सूचना बमोजिम यस आयोगको वेव साइटमा प्रकाशित विस्तृत सूचना अनुसार दरखास्त पेश गर्दा उक्त सूचनामा उल्लेखित तपसिल बमोजिमको  विवरणका कागजातको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा उपलव्ध गराउनु हुन अनुरोध छ।

**१. संलग्न गर्नुपर्ने कागजातः**

- कुन पदको लागि आवेदन गरेको हो सो खुल्नेगरी निवेदन,
- नेपाली नागरिकताको प्रतिलिपि,
- शैक्षिक योग्यता (न्यूनतम शैक्षिक योग्यता र सो भन्दा माथिको भए सो समेत),
- कार्य अनुभव  (न्यूनतम भन्दा माथि भए सो समेत)  र
- अनुसन्धान/ प्रकाशन सम्वन्धी प्रमाणित  कागजात तथा विवरणहरू,

१ विस्तृत वैयक्तिक विवरण (Bio-Data),

२ प्रचलित कानून बमोजिम नियुक्तिको लागि अयोग्य नभएको स्वघोषणा

<u>राष्ट्रिय सूचना आयोगका पदाधिकारी नियुक्ति सिफारिस समितिको पदपूर्तिसम्बन्धी सूचना</u>

**राष्ट्रिय सूचना आयोका पदाधिकारी नियुक्ति सिफारिस समितिको सचिवालय**
**राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौ**
**दरखास्त आह्वानसम्वन्धी जरुरी सूचना**
(प्रथम पटक प्रकाशित मिति: – २०८३/०४/२२)
(आवेदन बुझाउने अन्तिम मिति:- २०८३/०४/२८ )

राष्ट्रिय सूचना आयोगका एक प्रमुख सूचना आयुक्त र दुई सूचना आयुक्त (कम्तिमा एक जना महिला रहने गरी)को रिक्त पदमा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा सिफारिस समितिको सचिवालय राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौमा आफ्नो व्यक्तिगत विवरण, उल्लेखित योग्यताका प्रमाणित प्रतिलिपिहरु सहित आवेदन दिनु हुन वा आयोगको इमेल info@nic.gov.np मा आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**१. आवश्यक योग्यता तथा अनुभवः**

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविध्यालयबाट कम्तिमा स्नातकोपाधि हासिल गरेको,

(ग) आमसञ्चार, कानून न्याय, सार्वजनिक प्रशासन, सूचना प्रविधि वा व्यवस्थापनको क्षेत्रमा कम्तिमा १५ वर्षको अनुभव हासिल गरेको,

(घ) ६५ वर्ष उमेर ननाघेको,

(ङ) सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा १३ बमोजिम अयोग्य नभएको।

**२. संलग्न गर्नुपर्ने कागजातः**

१ आवेदनसाथ नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता (न्यूनतम शैक्षिक योग्यता र सो भन्दा माथिको भए सो समेत), कार्य अनुभव (न्यूनतम भन्दा माथि भए सो समेत) र अनुसन्धान/ प्रकाशन सम्वन्धी प्रमाणित कागजात तथा विवरणहरू,

२ विस्तृत वैयक्तिक विवरण (Bio-Data),

३ कुनै संस्था वा निकायमा कार्यरत वा सेवारत उम्मेदवारले उल्लेखित पदको प्रतिस्पर्धामा भाग लिन सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र

४ प्रचलित कानून बमोजिम नियुक्तिको लागि अयोग्य नभएको स्वघोषणा

**३. पारिश्रमिकः**

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तको पारिश्रमिक तथा सेवा सुविधा नेपाल सरकारले तोके बमोजिम हुने छ ।

**४. अन्य विवरणः**

(अ) यो सूचना बमोजिम प्राप्त भएका आवेदनलाई सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ।

(आ) कुनै आवेदकले झुट्टा विवरण वा कागजात पेश गरेमा त्यस्तो आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(इ) यस सम्बन्धी थप जानकारीका लागि राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वरमा टेलिफोन नं. ०१-४५९६५४४ मा सम्पर्क गर्न सकिनेछ ।

**<u>स्वघोषणा फारामको नमुना</u>**

श्री राष्ट्रिय सूचना आयोगका पदाधिकारी नियुक्ति सिफारिस समितिको सचिवालय

राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं।

**विषयः स्वघोषणा सम्बन्धमा।**

तहाँ सचिवालयबाट मिति २०८३।०४।२२ गते गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम प्रमुख सूचना आयुक्त / सूचना आयुक्तमा निवेदन दिएकोमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा १३ समेतका आधारमा तपसिल बमोजिमको अयोग्यता नभएको स्वघोषणा गर्दछु।

<u>तपसिल,</u>

क. नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषी ठहरी सजाय नपाएको,

ख. सरकारी वा सार्वजनिक संस्थाको बहालवाला कर्मचारी नभएको,

ग. कुनै राजनैतिक पदमा बहाल नरहेको,

घ. प्रचलित कानून बमोजिम नियुक्तिको लागि अयोग्य नभएको।

ङ. अन्य देशको नागरिकता वा स्थायी आवासीय अनुमति नलिएको।

मैले निवेदन साथ पेश गरेको कागजात/स्वघोषणा गरेको विवरण साँचो र सहि हो। गलत वा झुठ्ठा ठहर भएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक,

नाम/थरः

दस्तखतः

सम्पर्क ठेगानाः

मोवाइल नं.

मेल ठेगानाः